# तातोपानी गाउँपालिकाको एघारौं गाउँसभामा गाउँपालिका उपाध्यक्ष श्री रेवती रावलज्यूले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७९।८० को बजेट वक्तव्य

तातोपानी गाउँपालिका, जुम्ला

२०७९ असार १०

गाउँसभा अध्यक्ष महोदय,
गाउँसभा सदस्यज्युहरु,
राष्ट्रसेवक कर्मचारी, पत्रकार, तथा यहाँ उपस्थित सम्पुर्ण महानुभावहरु,

१. कला साहित्य भाषा संस्कृतिका दृष्टिले गौरवमय इतिहास स्थापित गर्न सफल जुम्लाको तातोपानी गाउँपालिका प्रकृतिका अनपम उपहारबाट पनि सु-सज्जित भएको व्यहोरा यहाँहरु जानकारनै हुनुहुन्छ । प्रकृतिको सुन्दर रानीको रुपमा अकल्पनिय तवरले कलकल बगिरहने ऐतिहासिक तातोपानी धारा, सुन्दरगाउँ मष्टो, बाविरो मष्टो र कवा मष्टो जस्ता विभिन्न देवहरुको आवासित भूमि, सबैभन्दा ठूलो गिडि दह, पवित्र तिर्थस्थल बुदबुदी धाम, हिमालको चुचुरामा अवस्थित भुरीचुला माई, सुनचाँदी ले बाँधेर लगाईएका बानियाँदियार मालिका मन्दिर, नचालढुङ्गी मन्दिर,लछालकृति दरबार, ऐतिहासिक गुरुफोक्टो जस्ता विराट सम्भावना रहेको गाउँपालिका गौरवशाली इतिहास बोकेको लामो संघर्ष र हरि बहादुर कुँवर जस्ता विर शहिदको रगतबाट सिंचित भई विकास र समृद्धिको पथमा लम्किरहेको यस तातोपानी गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस गरिमामय दोस्रो गाउँसभामा आर्थिक वर्ष २०७९।८० को बजेट प्रस्तुत गर्न पाउँदा गौरवको अनुभुति भएको छ । प्रस्तुत बजेट कृषिजन्य उत्पादनमा वृद्धिका साथै आधारभुत आवश्यक्तालाई प्राथमिकतामा राखेर बजेटको रुपमा प्रस्तुत गरेको छु ।

२. यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि विभिन्न आन्दोलनमा सहभागि भई राजनीतिक परिवर्तनका लागि आफ्नो अमुल्य जीवन बलिदान गर्ने सहिदहरु प्रति उच्च सम्मान तथा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । घाईते व्यक्तिहरुप्रति उच्च सम्मान र परिवार प्रति गहिरो सहानुभूति प्रकट गर्दछु ।

३. स्थानीयवासीको आर्थिक अवस्था सुदृढ गर्न उत्पादनमुखि कृषि प्रणालीमा जोड दिई सामाजिक तथा आर्थिक रुपमा वञ्चितिकरणमा परेका वर्ग, क्षेत्र, लिङ्ग, जाति र समुदाय लगायत सबै नागरिकहरुको आंकाक्षालाई संवोधन गर्न शिक्षा, स्वास्थ्य, पर्यटन, खानेपानी सरसफाई लगायत अन्य पूर्वाधार विकासमा बजेट केन्द्रित गरेको छु ।

४. आर्थिक वर्ष २०७९।८० को बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, नेपाल सरकारको नीति तथा कार्यक्रम, नेपालको दीर्घकालिन विकास लक्ष्य, गाउँपालिकाको नीति तथा कार्यक्रमलाई आधारको रुपमा लिएको छु । यसैगरि गाउँसभाका सदस्यज्युहरु, पालिकावासी नागरिक, राजनीतिक दल, बौद्धिक वर्ग, नागरिक समाज, निजी क्षेत्र लगायत सरोकारवाला निकायबाट प्राप्त सुझावलाई समेत मार्गदर्शनको रुपमा लिएको छु ।

तातोपानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लिताकोट, जुम्ला कर्णाली प्रदेश नेपाल

५. तातोपानी गाउँपालिकालाई सबै स्थानीय तहहरुमध्येको उत्कृष्ट र उदाहरणीय स्थानीय तहको रुपमा परिचित गराउनु हाम्रो जिम्मेवारी र चुनौति हामी बिचमा छ । गाउँपालिकाको समृद्धि र समुन्नतिका लागि एकिकृत गुरुयोजनाले निर्दिष्ट गरेको दीर्घकालिन सोच, लक्ष्य र उदेश्य प्राप्तिमा स्थानीय सरकार प्रतिवद्ध र केन्द्रित छ ।

६. अब म चालु आर्थिक बर्षको भौतिक प्रगतिको समिक्षा यहाँ माझ प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

क) पालिकाभित्र रहेका सम्पुर्ण नागरिकहरुलाई यातायातमा सहज पहुँच वृद्धि गर्न तथा आयात र निर्यातजन्य उपजलाई सहज तुल्याउन  हाल सम्म गाउँपालिका भित्र ७२ कि.मी. सडक निर्माण एंव विस्तार भएको छ ।

ख) विभिन्न आयोजनाहरुको डिपीआर तयार भएको छ ।

ग) पारदर्शिता, सुशासन तथा उत्तरदायित्व कायम राख्न र सूचना संग आम नागरिकको सहज पहुँच पुगोस भन्ने हेतुले नागरिक डिजिटल वडापत्र, KOISK बोर्ड जडान गरिएको छ । सार्वजनिक सुनुवाईलाई अनिवार्य गरिएको छ ।

घ) गाउँपालिकाको आफ्नै भवन निर्माणका लागि जग्गा प्राप्ति, वडा नं ८ मा महिला कृषि सहकारी भवन निर्माण, सभा हल, तातोपानी धारो व्यवस्थापन, तिन वटा विद्यालय भवन निर्माण लगायत सिचाई र खानेपानी आयोजनाहरु      सम्पन्न भएका  छन् ।

ङ) गाउँपालिकाको कामलाई कानुन सम्मत बनाई न्यायिक शासनलाई स्थापित गर्न ३३ वटा विभिन्न ऐन नियम तथा कार्विधि निर्माण गरिएको छ ।

७. यसैगरि अब म तातोपानी गाउँपालिका अवसर र चुनौतीहरुलाई यहाँ समक्ष प्रस्तुत गर्न चाहन्छु ।

अवसरहरुः

क) कालो मार्सीधानको उद्गम स्थलको रुपमा परिचित

ख) पर्यटकिय स्थल (तातोपानी धारा, गिडिदह, लाल्छुज्युलो)

ग) फलफुल (स्याउ, ओखर र आरु) खेतिका लागि प्रयाप्त उर्वर भुमि,

घ) प्रशस्त जडिबुटी, पाटनक्षेत्रका २४ वटा तालहरुको भुमि

चुनौतीहरुः

क) भौगोलिक विकटता,

ख) छरिएर रहेको वस्ती,

ग) निर्धारित करलाई कार्यान्वयनमा समस्या,

घ) समन्वय एंव सहजिकरण भुमिकाको अभाव

ङ) सिमित बजेट

८. अब म आगामी आर्थिक बर्ष २०७९।८० को बजेटका उदेश्य र प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु ।

क) कृषि, पर्यटन, सिचाई, उर्जा लगायत पूर्वाधार क्षेत्रको विकासद्धार गाउँपालिकाको आर्थिक वृद्धि गर्ने,

ख) शिक्षा, स्वास्थ्य, महिला विकास जस्ता कार्यक्रम मार्फत गाउँपालिकाको जीवन स्तरमा परिवर्तन ल्याउने,

ग) कृषि, उद्योग, वन, जडिबुटी पर्यटन क्षेको विकासबाट उत्पादनमा वृद्धि गरि रोजगारी सिर्जना गर्ने

घ) सुशासनको प्रत्याभुति गर्न,

ङ) गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक सेवा प्रवाहमा सुधार, शान्ती सुरक्षाको प्रत्याभुति र भ्रष्ट्रचार निरयन्त्रण गरि सभ्य समाजनको निर्माणमा जोड दिनु,

**सम्माननीय गाउँसभा अध्यक्ष महोदय,**

९. आ.ब. म गाउँपालिकाले प्राथमिकतामा राखेको विभिन्न क्षेत्रलाई सम्बोधन गर्ने गरि तयार गरिएको आगामी आर्थिक वर्ष २०७९।८० को आय व्ययको अनुमान यस सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु ।

आय अनुमान

| क्र.स. | शिर्षक | रकम |
|---|---|---|
| १ | अ.ल्या | ५ करोड |
| २ | आन्तरिक राजश्व | २० लाख |
| | जम्मा | ५ करोड २० लाख |
| | संघीय सरकार बाट प्राप्त अनुदान रकम | |
| १ | संघीय समानिकरण अनुदान | ११ करोड १२ लाख |
| २ | संघीय सशर्त चालु अनुदान | १५ करोड २२ लाख |
| ३ | संघीय सशर्त पुंजिगत अनुदान | २ करोड ११ लाख |
| ४ | संघीय समपुरक अनुदान | ५० लाख |
| ५ | संघीय विशेष अनुदान | २ करोड १० लाख |
| ६ | संघीय राजश्व बाँडफाँड | ९ करोड ३९ लाख ७४ हजार |
| | जम्मा | ४० करोड ४४ लाख ७४ हजार |
| | प्रदेश सरकार बाट प्राप्त अनुदान रकम | |
| १ | प्रदेश समानिकरण अनुदान | १ करोड १२ लाख ४९ हजार |
| २ | प्रदेश सशर्त अनुदान | ३ करोड १८ लाख ५० हजार |
| ३ | प्रदेश समपुरक अनुदान | १ करोड ५ लाख ५६ हजार |
| ४ | प्रदेश विशेष अनुदान | ६० लाख |

तातोपानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिताकोट, जुम्ला कर्णाली प्रदेश नेपाल

| | | |
|---|---|---|
| ५ | प्रदेश राजश्व बाँडफाँड | ३ लाख |
| | जम्मा | ५ करोड ९९ लाख ५५ हजार |
| अन्तराष्ट्रिय/ राष्ट्रिय गैर सरकारी संस्था | | |
| १ | किर्डाक नेपाल | ६६ लाख २२ हजार त्रिपन्न |
| २ | कर्णाली विकास हातेमालो सेवा समाज | १५ लाख ३३ हजार नब्बे |
| ३ | सर्वोदय विकासका लागि अभियान नेपाल | १६ लाख ४६ हजार २ सय |
| ४ | सुर्य सामाजिक सेवा संघ | ४ लाख |
| | जम्मा | १करोड २ लाख १ हजार ३ सय ४३ |
| कुल जम्मा | | ५२ करोड ६६ लाख ३० हजार ३ सय ४३ |

६. यसरी आगामी आर्थिक वर्ष २०७९।८० मा समग्र पालिकास्तरिय आयोजना/कार्यक्रमहरुको कार्यान्वयनका लागि प्रस्तावित बजेट रु बाउन्न करोड छ्यैसठ्ठी लाख तिस हजार तिन सय त्रिचालिस रुपैया यस गरिमामय सभामा स्विकृतिको लागि पेश गर्ने अनुमति चाहन्छु ।

व्यय अनुमान

| क्र.स. | शिर्षक | रकम |
|---|---|---|
| १ | समपुरक कोष (Matching Fund) | २ करोड ३० लाख |
| २ | विपद् व्यवस्थापन कोष | ४५ लाख |
| ३ | चालु खर्च | १० करोड ९९ लाख ५० हजार |
| ४ | पुंजिगत खर्च वडा | ६ करोड ८४ लाख ८३ हजार ५ सय ८० |
| ५ | समपुरक योजना | १ करोड ५५ लाख ५६ हजार |
| ६ | विशेष योजना | २ करोड ७० लाख |
| ७ | सशर्त योजना | २० करोड ५१ लाख ५० हजार |
| ८ | खेलकुद पर्यटन | १६ लाख |
| ९ | अन्य पुजिगत खर्च | ७२ लाख ८८ हजार ४ सय २० |
| १० | विषयगत शाखा पुजिगत | ३ करोड ७४ लाख १ हजार |
| ११ | जनता संग अध्यक्ष कार्यक्रम | ८५ लाख |
| १२ | जनता संग उपाध्यक्ष कार्यक्रम | ८० लाख |
| ११ | संघ संस्था | १ करोड २ लाख १ हजार ३ सय ४३ |
| | जम्मा | ५२ करोड ६६ लाख ३० हजार ३ सय ४३ |

बाँडफाँड गरिएको पुँजिगत बजेट क्षेत्रगतरुपमा देहाय अनुसार प्रसुतु गर्ने अनुमति चाहन्छु ।

तातोपानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लिताकोट, जुम्ला कर्णाली प्रदेश नेपाल

सम्माननीय गाउँसभा अध्यक्ष महोदय,

शिक्षा

१०. देश विकासको मेरुदण्डको रुपमा रहेको शिक्षा क्षेत्रलाई विशेष प्राथमिकतामा राखिएको छ । गुणस्तरिय शिक्षाले मात्र दक्ष जनशक्ति उत्पादन गर्ने भएकाले शैक्षिक सुधार गर्न विभिन्न शिर्षकमा बजेट विनियोजन गरिएको छ । जसमध्ये विद्यालयमा **विद्यार्थी झिकाउने, टिकाउने र बिकाउने** मन्त्र जपि उमेर पुगेका सम्पुर्ण बालबालिकाहरुलाई बालविकास केन्द्रमा भर्ना गराउन, बालविकास केन्द्र तथा विद्यालयको भौतिक पूर्वाधार निर्माण, शैक्षिक सामाग्री व्वयस्थापन, फर्निचर निर्माण एंव व्यवस्थापन, घेराबार, क्षमता अभिवृद्धि तालिम, ECD शिक्षकहरुका लागि न्युनतम तलब, सामुदायिक सिकाई केन्द्र व्यवस्थापन, सम्पुर्ण विद्यालयहरुको EMIS लगायतका तथ्यांक प्रविष्टि गर्न, पालिका भित्रबाट डक्टर ईन्जिनियर अध्ययन गर्ने विद्यार्थीहरुमध्य दलित, जनजाती र विपन्न परिवारका ३ जना तथा प्रविणता प्रमाणपत्र तह अध्ययन गर्ने २५ जना विद्यार्थीहरुका लागि छात्रवृत्ति सहितको कार्यक्रम कार्यान्वयन गर्नका लागि रु १ करोड ५८ लाख विनियोजन गरेको छु ।

स्वास्थ्य

११. **मेरो स्वास्थ्य, मेरो गाउँपालिका** भन्ने स्वास्थ्यको मुल नारालाई आत्मसाथ गर्दै पालिकावासी नागरिकहरुको स्वास्थ्यमा सहज पुर्याउन विभिन्न जनमुखि कार्यक्रम संचालनका लागि विशेष बजेटको व्यवस्थापन गरेको छु । एक मावि एक नर्स अवधारणालाई मुर्त रुप दिन सम्बन्धित निकाय संग बजेटको व्यवस्थाको लागि पहल गरिनेछ । स्वास्थ्य संस्थाको संस्थागत र संरचनागत विकास, स्वास्थ्य संस्था तथा प्रसुति गृहको स्तरोन्नती, औषधी खरिद, विपन्न नागरिकहरुका लागि निशुल्क स्वास्थ्य बिमा, महिला स्वास्थ्य स्वंय सेविकालाई मोबाईल सेवा उपलब्ध गराउन, जेष्ठ नागरिक तथा विद्यार्थीहरुलाई प्रत्येक महिनाको एक पटक स्वास्थ्य परिक्षण लगायतका स्वास्थ्य सम्बन्धी विविध कार्यक्रम संचालन गर्न विषयगत शाखा र वडागत रुपमा रु १ करोड १८ लाख ५० हजार विनियोजन गरेको छु ।

कृषि

१२. कृषि क्षेत्रनै आर्थिक विकासको मुख्य आधार रहेकाले समग्र कृषि क्षेत्रको विकासका लागि उत्पादनमुखि कृषि कार्यक्रम लागु गर्न बजेट विनियोनमा प्राथमिकतामा राखिएको छ । तातोपानी गाउँपालिकाको अधिकांश भुमि कृषि योग्य रहेको र आम मानिस कृषिमा आश्रित भएकाले उनिहरुको व्यावसायीकरण, बैज्ञानीकीकरण, यान्त्रीकरणको माध्यमबाट आर्थिक अवस्था सुधार गरि दिगो आयस्रोतको क्षेत्र बनाउनका लागि रैथाने बालिको संरक्षण, प्रवर्द्धन, बिउविजन उत्पादन, स्याउ बगैचा व्यवस्थापन, ओखर खेति विस्तार, सिचाई आयोजना निर्माण र मर्मत, गडा सुधार, एक गाउँ एक पकेट

क्षेत्र कार्यक्रम लागु गर्न र क्षमता अभिवृद्धि कार्यक्रम लगायत अन्य आयोजना निर्माणका लागि विषयगत शाखा र वडागत रुपमा रु ४५ लाख विनियोजन गरेको छु ।

### सडक

१३. आम पालिकावासीहरुको यातायातमा सहज पहुँच पुर्याउन तथा बहुमुल्य कृषि उपज निर्यातलाई थप सहज र सुलभ बनाउन सडक निर्माण र विस्तारलाई विशेष जोड दिईएको छ । स्थानीय पुर्वाधार मर्मत सम्भार कोष स्थापना गर्न तथा बेरोजगार व्यक्तिहरुको रोजगारी सिर्जना गर्ने उदेश्यले सबै वडाहरुमा कृषि तथा ग्रामिण सडक, तटबन्ध, गोरेटो बाटो तथा पुल निर्माण, मर्मत र विस्तारको लागि रु १ करोड ४३ लाख विनियोजन गरेको छु ।

### खानेपानी तथा सरसफाई

१४. स्वच्छ खानेपानी तथा सरसफाईलाई विशेष जोड दिई सफा, सुन्दर र हरियाली तातोपानी निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु । जसमध्ये खानेपानी आयोजना संचालन नभएका वडाहरुमा खानेपानी धारा निर्माण र मर्मत, ट्याङ्की व्यवस्थापन, घेराबार, मर्मत सम्भार लगायत उपभोक्ता समितिहरुको क्षमता विकासका लागि रु १ करोड ६३ लाख विनियोजन गरेको छु ।

### नदि नियन्त्रण

१५. भारी बर्षातका कारण बाढी आई बर्षेनी खेतियोग्य जमिन कटान गर्नुका साथै भौतिक संरचनालाई ध्वस्त बनाउँदै लगेको छ । मार्सीधानको उद्गम स्थलको रुपमा रहेको क्षेत्रमा समेत नदिले कटान गर्दै लगेकाले सोको रोकथाम तथा नियन्त्रण का लागि तटबन्ध निर्माण तथा मर्मत गर्न रु ५५ लाख विनियोजन गरेको छु । यस कार्यको लागि गाउँपालिकाले मात्र नसक्ने भएकाले अन्य विभिन्न सरकारी तथा गैर सरकारी कार्यालयहरु संग समन्वय गरि थप बजेटको व्यवस्था गरिनेछ ।

सम्माननीय गाउँसभा अध्यक्ष महोदय,

वन वातावरण तथा विपद् व्यवस्थापन

१७. जलवायु परिवर्तनमा बाट सिर्जित बाढी, पहिरो, उत्पादन शक्तिमा ह्रास जस्ता समस्यालाई न्युनिकरण गर्न तथा सामुदायिक वनको संरक्षण मार्फत हरियाली पालिकाको रुपमा विकास गर्नका लागि विभिन्न कार्यक्रमहरु तयार गरिनुका साथै प्राकृतिक विपत्ति बाट आईपर्ने जनधनको क्षेतिलाई तत्काल सम्बोधन गर्न वन वातावरण तथा विपद् व्यवस्थापन शिर्षकमा रु ४५ लाख रुपैया विनियोजन गरेको छु ।

न्याय तथा कानुन

१८. तातोपानी गाउँपालिकाबाट हुने न्यायिक सम्पादनका कामलाई छिटो, छरितो र प्रभावकारी बनाउन न्यायिक ईजलासको निर्माण, प्रत्येक वडाहरुमा मेलमिलाप समिति गठन तथा अन्य क्षमतामुलक कार्यक्रम संचालन गर्नका लागि रु ६ लाख रुपैया विनियोजन गरेको छु ।

सूचना प्रविधि

१९. गाउँपालिकाका सम्पुर्ण कार्यहरु सूचना प्रविधि मार्फत सम्पादन गर्ने लक्ष्य अनुरुप सूचना प्रविधिलाई विशेष जोड दिईएको छ । गाउँपालिकामा ईन्टरनेट सेवा विस्तार, वेवसाईट अद्यावधिक लगायतका कामका लागि पालिकामा रु १० लाख र वडागत रुपमा रु १८ लाख ५० हजार गरि जम्मा ३० लाख ५० हजार रुपैंया विनियोजन गरेको छु ।

सिचाई

२०. कृषि उत्पादनमा वृद्धि गर्न, बाँझो खेतियोग्य जमिनलाई प्रयोगमा ल्याउन तथा स्थानीय स्तरमा रोजगारी सिर्जना गरि स्थानीयको आर्थिक अवस्था मजबुत बनाउनका लागि सिचाई कुलो र ट्यांङ्की निर्माण र मर्मत, पाईपलाईन विस्तारका लागि रु २३ लाख विनयोजन गरेको छु ।

पशु सेवा

२१. आर्थिक आय आर्जनको प्रमुख स्रोत मध्य एक पशुपक्षीं व्यवसाय हो जसको उचित विकासले मात्र मासुजन्य तथा दुग्दजन्य पदार्थको उत्पादनमा वृद्धि गरि पालिकालाई आत्मनिर्भर बनाउनका लागि यहाँ रहेका पशुपंक्षीहरुको संरक्षण, विकास र सम्वर्द्धनको साथै पशु विकास कार्यक्रमहरुलाई प्रभावकारी रुपमा संचालन गर्नको लागि रु २३ लाख रुपैया विनियोजन गरेको छु ।

महिला तथा बालबालिका

२२. महिला तथा बालबालिकाहरुको हक हितलाई केन्द्रविन्दुमा राखि अति विपन्न, अपगंता भएका, सामाजिक रुपमा बञ्चितिकरणमा परेका, हिंसा तथा विभेदमा परेकाहरलाई विकासको मुल प्रवाहमा सहभागि गराई समावेशिकरणको अवधारणालाई मुर्त रुप दिनका लागि विभिन्न कार्यक्रम संचालन गर्न रु १० लाख रुपैया विनियोजन गरेको छ ।

उद्योग उद्यमशिलता

२३. उद्योग स्थापना मार्फत रोजगारी सिर्जना गर्न, स्थानीय कच्चा पदार्थलाई उच्चतम प्रयोग गरि निर्यातजन्य वस्तु उत्पादन गर्न, सिपविकास र स्तरोन्नती तालिमबाट उद्यमी सिर्जना गर्नका लागि रु विषयगत शाखालाई रु १६ लाख र वडागत रुपमा रु १० लाख गरि जम्मा रु २० लाख रुपैया विनियोजन गरेको छ ।

सहकारी

२४. आर्थिक विकासमा महत्वपूर्ण भुमिका निर्वाह गर्ने सहकारी संस्थाहरुलाई सामाजिक विकासका कामका संलग्न गराउदै उनिहरुको क्षमता अभिवृद्धि गर्न, सहकारी संस्थाहरुको कार्य सम्पादनलाई चुस्त राख्नका लागि अनुगमन तथा नियमन गर्न तथा सहकारी शाखामा काम गर्ने कर्मचारीहरुका लागि क्षमता अभिवृद्धि जस्ता कार्यक्रम संचालन गर्नका लागि विषयगत शाखालाई रु ४ लाख र वडागत रुपमा रु ४ लाख गरि जम्मा रु ८ लाख रुपैंया विनियोजन गरेको छ ।

लक्षित वर्ग

२५. सामाजिक, आर्थिक तथा वर्गिय हिसाबले पछाडि परेका दलित, महिला, असाहय, अपंगता भएका, वृद्ध वृद्धा, असाहय बालबालिका लगायत आम नागरिकहरुको अधिकारलाई सुनिश्चितता गर्न तथा उनिहरुलाई क्षमता अनुसार उत्पादनमुखि क्रियकलापमा सहभागि गराउनका लागि रु २१ लाख ३५ हजार विनियोन गरेको छ ।

बहुक्षेत्रिय पोषण

२६. पालिकाको पोषण अवस्था सुधार गर्न, सुनौला हजार दिनका आमाहरुका लागि पौष्टक आहारा, पोसिलो पिठो वितरण, एक घर एक करेसाबारी निर्माण गर्न, पोषणमैत्री स्थानीय शासन अबलम्बन गर्न पोषण मैत्री वडा घोषणा गर्ने जस्ता कार्यक्रम संचालन गर्नका लागि रु ८ लाख रुपैया विनियोजन गरेको छ ।

तातोपानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ...ताकोट, जुम्ला ...णी प्रदेश नेपाल

## सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढिकरण सेवा इकाई

२७. व्यक्तिगत घटना दर्तालाई डिजिटाईसेन गर्ने गरि कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन, पञ्जिकरण शाखामा कार्यरत कर्मचारीहरुको तलब लगायत अन्य अभिवृद्धिका कार्यक्रमहरु संचालन गर्नका लागि रु १० लाख रुपैया विनियोजन गरेको छु ।

## सुशासन तथा संस्थागत विकास

२८. गाउँपालिका संग आम नागरिकहरुको सूचनामा सहज पहुँच पुर्याउन, पारदर्शि, उत्तरदायित्व र जवाफदेहि बनाउन यस अघि नै नागरिक डिजिटल बोर्ड, KOISK बोर्ड, योजना तथा राजश्व सुधार सफ्टवयर खरिद गरि कार्यान्वयनको अवस्थामा आईसकेकाले गाउँपालिका भित्रका थप ८ वटै वडाहरुको कार्यालय व्यवस्थापन, ईन्टरनेट सेवा विस्तार, विद्युत सेवा, तथा कार्यालय संचालनका लागि रु ४० लाख र वडागत रुपमा रु १७ लाख गरि जम्मा ५७ लाख विनियोजन गरेको छु । कर्मचारीहरुको मनोबल उच्च बनाउनई कार्य सम्पादनलाई चुस्त बनाउन यसअघि स्केल बाहेक न्युनतम तलब खाईरहेका करार कर्मचारीहरुको तलबमा एकमुष्ट रु २ हजारका दरले वृद्धि गरेको छु ।

## जनता संग अध्यक्ष/उपाध्यक्ष कार्यक्रम

२९. गाउँपालिकाको समग्र विकासमा ध्यान केन्द्रत गरि विकसित, सुन्दर, सुखि र समृद्ध गाउँपालिका निर्माण गर्नका लागि पूर्वाधार विकास, शिक्षा, स्वस्थ्य, खानेपानी तथा सरसफाई, कृषि, पर्यटन लगायतका क्षेत्रका कार्यक्रमहरु संचालन गर्न जनता संग अध्यक्ष कार्यक्रमका लागि रु ८५ लाख र जनता संग उपाध्यक्ष कार्यक्रमका लागि रु ८० लाख रुपैंया विनियोजन गरेको छु ।

## पूर्वाधार विकास

३०. गाउँपालिका भित्रको वडामा वडा कार्यालय भवन निर्माण, वृद्ध चौतारी निर्माण, सार्वजनिक शौचालय निर्माणका लागि वडागत रुपमा रु १२ लाख र पालिकामा रु ७२ लाख ८८ हजार ४ सय २० गरि जम्मा रु ८४ लाख ८८ हजार ४ सय २० रुपैंया विनियोजन गरेको छु । त्यसैगरि विविध तर्फ ५० लाख ५० हजार विनियोजन गरेको छु । विद्युत सेवालाई विस्तार गर्नका लागि रु १३ लाख ५० हजार विनिजन गरेको छु ।

सम्माननीय गाउँसभा अध्यक्ष महोदय,

३१. बजेट तर्जुमा तथा बजेट छलफलको क्रममा आ आफ्नो तर्फबाट महत्वपूर्ण सल्लाह सुझाव दिनुहुने गाउँपालिका अध्यक्षज्यू लगायत सम्पुर्ण पदाधिकारीहरु, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवि वर्ग, नागरिक

तातोपानी गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिताकोट, जुम्ला
कर्णाली प्रदेश नेपाल

समाज, सामुदायिक तथा गैर सरकारी संघ संस्था लगायत पालिकावासी आमाबुवा दाजुभाई दिदीबहिनीहरुमा हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दछु ।

३२. अन्यमा, सुखि र समृद्ध तातोपानी गाउँपालिका निर्माण गर्नका लागि अहिलेको सरकार पुर्ण प्रतिवद्ध रहँदै यस अभियानमा जोडिन सम्पुर्ण सरोकारवाला निकाय, नागरिक समाज, सरकारी तथा गैर सरकारी संघ संस्था, राष्ट्रसेवक कर्मचारी, आम पालिकावासी नागरिकहरुमा हार्दिक अपिल गर्दछु । प्रभावकारी रुपमा बजेट कार्यान्वयन गर्न सकिएको अवस्थामा मात्र गाउँपालिकाले लिएको लक्ष्य र उदेश्य पुर्ति हुने भएकाले सोको कार्यान्वयनमा यहाँहरुको पुर्ण साथ र समर्थनको आश गरेको छु ।

३३. हामी ईतिहास निर्माणको चरणमा छौं र यात्रा कठिन छ तर प्रयाप्त सम्भावनाका क्षेत्रहरु हामी माझ रहेकाले भविश्य उज्जवल छ । अहिले देखिएका केहि चुनौती, बाधा र अड्चनलाई सामना गर्न आ-आफ्नो ठाउँबाट कटिबद्ध र प्रतिबद्ध बनौं र गाउँपालिकाले मुल नाराको रुपमा लिएको *प्राकृतिक स्रोत र सम्पदाको खानी, सुखि र समृद्ध तातोपानी* निर्माणमा जुटौं ।

धन्यवाद

रेवति रावल

उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समिति सयोंजक

तातोपानी गाउँपालिका गाउँपालिकाको कार्यालय लिताकोट, जुम्ला कर्णाली प्रदेश नेपाल

तातोपानी गाउँपालिका गाउँपालिकाको कार्यालय लिताकोट, जुम्ला कर्णाली प्रदेश नेपाल